आलितात गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः **०६** संख्याः मितिः २०८२/०९/०८

**भाग-२**

# आलिताल गाउँपालिका

## आलिताल गाउँपालिकाको आँखा सेवा उपचार केन्द्र ब्यबस्थापन तथा संचालन कार्यविधि २०८२

**<u>गाउँ कार्यपालिकाबाट स्वीकृत र प्रकाशित मिति</u>** २०८२।०९।०८

प्रस्थाबनाः आलिताल गाउँपालिका र च्यारिटी हेल्थ फाउन्डेसन नेपालको समन्वय,सहयोगमा आलिताल गापा वडा न. ८ मदन नगरमा आँखाउपचार केन्द्र संचालनमा ल्याएर सोको ब्यबस्थापन तथा संचालन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (२),को अधिकार प्रयोग गरी आलिताल गाउँ कार्यपालिकाले देहायको कार्यविधि जारी गरेको छ ।

१. **<u>संक्षिप्त नाम विस्तार र प्रारम्भ ,</u>**

१ क) यस कार्यविधिको नामः “आँखा सेवा उपचार केन्द्र **ब्यबस्थापन तथा संचालन कार्यविधि** २०८२” रहनेछ ।

ख) यो कार्यविधि गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधि बमोजिम :

(क) "गाउँपालिका" भन्नाले आलिताल गाउँपालिका सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले आलिताल गाउँपालिकाको गाउँकार्यपालिका सम्झनु पर्दछ।

(ग) "अध्यक्ष" भन्नाले गापा अध्यक्ष लाई बुझाउदछ ।

(घ) "स्वास्थ्य संस्था" भन्नाले स्वास्थ्य सेवा संचालन,प्रबाह गर्ने, सामुदायिक तथा निजी संस्थालाई बुझाउँदछ ।

(ङ) "आँखा उपचार सेवा" भन्नाले आँखामा लाग्ने रोगहरुको उपचार तथा प्रेषण सेवालाई समेत बुझाउनेछ ।

(च) "आँखा उपचार सेवा केन्द्र ब्यबस्थापन समिति" भन्नाले आँखा सेवा संचालन तथा ब्यबस्थापन गर्न गठन गरिएको समितिलाई बुझाउनेछ ।

परिच्छेद १-

## आँखा सेवा उपचार केन्द्र,ब्यबस्थापन समितिको गठन र संचालन

१. **संस्थाको नामः** संस्थाको नाम "आलिताल आँखा सेवा उपचार केन्द्र" रहनेछ ।

**२.स्थानः** यो "आलिताल आँखा सेवा उपचार केन्द्र" आलिताल-८ गोदाम,मदन नगरमा रहनेछ ।

**३. उदेश्य:** यस केन्द्रले सर्बसाधारण जनताको पहुँचमा पुग्नेगरि आँखा सम्बन्धि सेवा प्रदान गर्नेछ ।

**४.कार्यक्षेत्रः गाउँपालिका भित्रका सबै वडा हरु यस केन्द्रको कार्यक्षेत्र हुनेछन** ।

५.आधिकारिकताः यो केन्द्र कानुनी रुपमा आलिताल गाउँपालिका र च्यारिटी हेल्थ फाउन्डेसन नेपालको सहकार्यमा संचालन भएको मानिनेछ र यसको आफ्नै छाप र लेटरप्याड रहनेछ ।

### ६. आँखा सेवा उपचार केन्द्र,ब्यबस्थापन समितिको गठन

**यो केन्द्र संचालनको लागि ५ सदस्यीय ब्यबस्थापन तथा संचालन समिति देहाय बमोजिमको हुनेछ** ।

| | |
|---|---|
| संरक्षकः | गाउँकार्यपालिका अध्यक्ष |
| १. अध्यक्ष : | आँखा केन्द्ररहेको वडाको वार्ड अध्यक्ष |
| २.सदस्यः | प्रमुख प्रसासकिय अधिकृत गा.पा. |
| ३. सदस्यः | स्वास्थ्य शाखा प्रमुख गा.पा. |
| ४. सदस्यः | कार्यपालिका महिला प्रतिनिधि |

५. सदस्य सचिब : इन्चार्ज आँखा उपचार केन्द्र

आमन्त्रित सदस्यः आबस्यकता अनुसार (सरोकार वाला बाट)

७. ब्यबथापन समितिको कम कर्तब्य र अधिकारः

यस समितिको काम,कर्तब्य र अधिकार हरु तपसिल अनुसार हुनेछ ।

क) आँखा केन्द्र संचालनको लागि भौतिकपूर्वाधारको व्यवस्थापन गर्ने ।

ख) प्रचलित ऐन,कानुन बमोजिम यस केन्द्रमा कार्यरत कर्मचारी हरुको परिचालन गर्ने ।

ग) केन्द्रमा आबस्यक पर्ने उपकरण,चस्मा तथा औसधिको लागि च्यारिटी हेल्थ फाउन्डेसन नेपाल संग समन्वय गरि खरिद गर्ने ।

घ) केन्द्र बाट संचालन हुने कार्यक्रमहरुको निर्माण,संचालन,अनुगमन तथा मुल्यांकन गर्ने ।

ङ) आँखा सेवा सुधारको लागि सरोकार वाला बिभिन्न संघ संस्था हरु सित समन्वय गर्ने ।

च) आबस्यकता अनुसार बैठक बस्ने र सेवा प्रगति हरुको समिक्ष्या गर्ने ।

८.**आलिताल गाउँपालिकाको काम,कर्तब्य र अधिकारः**गाउँपालिका आलितालको भूमिका देहाय बमोजिम रहनेछ ।

क) प्रचलित ऐन,कानुन बमोजिम केन्द्र संचालनको लागि आबस्यक कर्मचारी हरुको व्यवस्था गर्ने ।

ख) केन्द्र संचालन खर्चको व्यवस्था गर्ने ।

ग) केन्द्र बाट संचालन हुने कार्यक्रमहरुको अनुगमन तथा मुल्यांकन गर्ने ।

घ) आँखा उपचार केन्द्र बाट भएको आम्दानी गाउँपालिकाको निर्देशित खातामा जम्मा गर्ने तथा आँखा केन्द्रलाई आबस्यक पर्ने बजेट उपलब्ध गराउने काममा सहजीकरण गर्ने ।

९. **च्यारिटी हेल्थ फाउन्डेसन नेपालको काम,कर्तब्य र अधिकारः** यस फाउन्डेसनका कार्यक्षेत्र तपशिल बमोजिम हुनेछन ।

क) केन्द्र स्थापना गर्न १ पटकको लागि आबस्यक पर्ने सामाग्री (Eqipment) को व्यवस्था गर्ने ।

ख) केन्द्र स्थापना गर्न तथा संचालन गर्न आबस्यक पर्दा प्राबिधिक सहयोग गर्ने ।

ग) केन्द्रको दैनिक गतिबिधि (प्रसासनिक,आर्थिक) को अनुगमन तथा मुल्यांकन गर्ने ।

घ) केन्द्रमा आबस्यक चश्मा तथा अन्य सामाग्री खरिद गर्दा सोको आपूर्तिको लागि सहजीकरण गर्ने ।

ङ) आबस्यक स्थान हरुमा बाह्य कार्यक्रम हरु संचालन गर्ने ।

१०.**आलिताल आँखा उपचार केन्द्रको काम,कर्तब्य र अधिकारः** देहायबमोजिमका कार्यहरु सम्पन्न गर्नु पर्नेछ ।

(क) सबै जनताको पहुँच हुने गरि गुणस्तरीय आँखा उपचार सेवा प्रदान गर्ने ।
(ख) आँखा उपचार सेवा लाई प्रबर्धन गर्न समुदायको सहभागिता र सहकार्यलाई ग्राहयता दिने ।
(ग) आँखा सेवा सम्बन्धि बिभिन्न कार्यक्रम संचालन गर्ने ।
(घ) सरोकार वाला सबै निकाय संग समन्वय र सहकार्य गर्ने ।
(ङ) केन्द्रमा भै रहेको प्रगति विवरण मासिक,त्रैमासिक\,अर्धबार्षिक तथा बार्षिक रुपमा सम्बन्धित निकायमा पठाउने ।
(च) गाउँपालिकाको सहकार्यमा आँखाघुम्तीशिबिर संचालन गर्ने ।
(छ) बिध्यालय हरुमा आँखापरिक्षण तथा आँखा सम्बन्धि स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गर्ने ।

१०.१ आँखा केन्द्रमा उपलब्धहुने आँखा स्वास्थ्य सेवा हरुः

(क) बिरामीको दृस्टी र चश्मा जांच ।
(ख) बिरामीको आँखा सम्बन्धि रोगहरुको निदान तथा उपचार।
(ग) आँखाको सल्यक्रियाको लागि प्रेषण ।
(घ) तोकेको मुल्यमा औसधि तथा चश्माको बिक्रि वितरण ।
(ङ) ब्यबस्थापन समितिले तोकेको बिरामी पुर्जाशुल्क कार्यान्वयन गर्ने ।

१०.२ मानब शंशाधन:

(क) नेत्र सहायक - १ जना

(ख) अप्टिकल डिस्पेन्सर (का.स.) - १ जना

११. आर्थिक कारोबार:

(क) प्रतेक महिनाको अन्तमा केन्द्रमा भएको आम्दानी आलिताल गाउँपालिकाको खातामा जम्मा गर्नु पर्नेछ ।

(ख) दैनिक वा मासिक रुपमा हुने केन्द्रको खर्च रकम नियमानुसार प्रक्रिया बमोजिम गाउँपालिका बाट भुक्तानी लिनु पर्नेछ ।

(ग) आँखा केन्द्रमा आउने बिरामीको बिरामीपुर्जा दर्ता शुल्क तथा अन्य सामाग्री बिक्रि वितरण दर रेट समितिले निर्यण गरे बमोजिम हुनेछ ।

परिच्छेद -२

बिबिध

१२.आबस्यक परेमा आँखा केन्द्र संचालनमा आर्थिक सहयोग गर्ने संस्थाको नाम समेत उल्लेख गर्न सकिनेछ ।

१३. ब्यबस्थापन समितिले आँखाकेन्द्रको गतिबिधि तथा कार्यक्रम हरुको आबस्यक समन्वय गेटा आँखा अस्पताल, धनगढी नेत्रालय जस्ता संस्था हरु संग गर्न सक्नेछ ।

१४. माथि उल्लेखित भन्दा अन्य कार्य गर्नुपरेमा आलिताल गाउँपालिका, **च्यारिटी हेल्थ फाउन्डेसन नेपाल संग समन्वय गरि गाउँकार्यपालिकाको बैठक बाट आबस्यकता अनुसार संशोधन गर्न सकिनेछ** ।

**१५. यस कार्यविधिमा उल्लेखित कुराहरुको हकमा कार्यविधि अनुसार तथा उल्लेखित नभएका कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ** ।

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत